**देवदह नगरपालिकाका कार्यकारी अधिकृत श्री गणेश घिमिरे बाट देवदह नगरपालिका स्थापना पछि चौथो नगर परिषदबाट पारित आर्थिक वर्ष २०७४/०७५ को नीति, योजना, कार्यक्रम तथा बजेट सार्वजनिक सम्बन्धी वक्तव्य :**

आदरणीय प्रमुख अतिथि स्थानीय विकास अधिकारी युवराज सुवेदी ज्यू
विशिष्ट अतिथि योगी सोमराजजी महाराज
जिल्ला तथा क्षेत्रस्तरीय सर्वदलीय प्रतिनिधि ज्यूहरु,
छिमेकी नगरपालिकाका कार्यकारी अधिकृत ज्यूहरु
नगर विकास समितिका अध्यक्ष ज्यू,
नगरस्तरीय सर्वदलीय प्रतिनिधि ज्यूहरु,
सुरक्षा निकायका प्रमुखज्यूहरु,
विषयगत कार्यालयका कार्यालय प्रमुखज्यूहरु,
एकिकृत योजना तर्जुमा समितिका पदाधिकारीज्यूहरु
राजश्व परामर्श समितिका सदस्यज्यूहरु,
उद्योग बाणिज्य संघ/ संगठनका प्रतिनिधिज्यूहरु,
देवदह नगरपालिका भित्रका विषयगत उपाध्यक्ष ज्यूहरु
नगर बाल संजाल संयोजक ज्यू
खानेपानी उपभोक्ता समितिका अध्यक्षज्यूहरु,
शिक्षण संस्थाका प्रमुख ज्यू ,
विभिन्न वडाबाट प्रतिनिधित्व गर्नु हुने राजनैतिक दलका प्रतिनिधिज्यूहरु,
वडा नागरिक मञ्चका संयोजक तथा सदस्यज्यूहरु,
टोल सुधार समितिका अध्यक्ष एवं सदस्यज्यूहरु,
नागरिक समाजका प्रतिनिधिज्यू,
विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
आमन्त्रित अतिथीज्यूहरु,
पत्रकार मित्रहरु र कर्मचारी साथीहरु,
आदरणीय नगरवासी आमा बुवा दाजुभाई तथा दिदीवहिनीहरु ।

१. सर्वप्रथम मुलुकमा आमुल परिवर्तनको सपना बोकि समय समय भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उच्च सम्मान प्रकट गर्न चाहन्छु ।
२. "पर्यटन, कृषि र पूर्वाधार, समृद्ध देवदहको मूल आधार" भन्ने तस्रो नगर परिषदको दीर्घकालिन सौँच लाई सार्थक पार्ने प्रयत्नका साथ कार्यान्वयन गर्ने क्रममा देवदह नगरपालिका स्थापना पछिको चौथो नगर परिषदमा नगर प्रमुखको हैसियतले आ.व. ०७४/७५ को नगर विकास नीति, योजना, कार्यक्रम तथा बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।
३. भगवान गौतम बुद्धको मावली कोलिय राज्य को राजाधानी देवदह को नामबाट नामाङ्कीत देवदह नगरपालिकामा करिव ८९९५ घरधुरी र ४२९५३ जनसंख्या भएको यो नगर पुर्वमा सुनवल नगरपालिका पश्चिममा बुटवल उप माहानगरपालिका उत्तरमा पाल्पा जिल्लाको गोठादी गा.बि.स. चुरे पहाड र दक्षिणमा सिक्टहन गा.बि.स. को बिचमा पर्यटकीय नगरी को रुपमा रहेको छ। कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहेको, गौतम बुद्धको मावली गाँउ लाई लुम्बिनी आउने पर्यटक भित्राउन सक्ने उत्तिकै सम्भावना रहेको, प्राकृतिक श्रोत र साधन भएको ,पुरातात्विक, धार्मिक, सांस्कृतिक सम्पदा प्रचुर हुँदा आध्यात्मिक क्षेत्रको रुपमा स्वतस्फुर्त विकास हुँदै गएको विभिन्न जातजातीहरुको सांस्कृतिक सम्पदाको बजारीकरण गर्न सकिने सम्भावना भएको तथा बुटवल आद्योगिक क्षेत्र लाई यस क्षेत्रमा विस्तार गरी साना ठुला उद्योगहरुको विकास गर्न सक्ने सम्भावना रहेकोले विकासमा आशालाग्दो नगरको रुपमा रहेको छ । विगतका वर्षहरुको योजना कार्यान्वयनबाट ६४ कि.मि. सडक कालोपत्रे ४१ कि.मि. ग्रवेल १२० वटा कर्ल्भट स्तर उन्नती भएको छ । पर्यटकिय क्षेत्रहरुको बिकास , शिक्षा तथा स्वास्थ्य क्षेत्रको पुर्वाधार बिकासभएको छ । नगरपालिकाले खुल्ला दिसा मुक्त नगर , पूर्ण साक्षर नगर , पूर्ण खोप युक्त नगर जस्ता महत्वपूर्ण उपलव्धी हासिल गर्न सफल भएको छ । बालमैत्री नगरपालिका र सुधारीएको चुलो कार्ययोजना कार्यन्वयनको चरणा रहेका छन । हरित नगर वनाउन वातावरणीय अवस्थाको सम्भावना रहेको छ। आध्यात्मीक नगरपालिका घोषणा भई सुचकहरु कार्यन्वयन मा रहेका छन भने बुद्ध सर्किटको एक महत्वपुर्ण गन्तव्य स्थलको रुपमा देवदह अगाडि बढेको छ । लामो समयसम्म स्थानीय निकाय जनप्रतिनिधिविहिन अवस्थामा रहदा विकासलाई स्वामित्वबोध गर्न कठिन हुनु, बैदेशिक रोजगारी र युवा श्रमशक्तिको अभाव भई व्यवसायिक कृषि तथा साना उद्योग ओझेलमा पर्नु, उद्यमशिलताको कमी हुनु तथा कृषक हुनुलाई गर्वको रुपमा ग्रहण गर्न नसक्नु, आवास तथा भूमिको बैज्ञानिक ढंगले

उपयोग गर्न नसक्नु, प्राकृतिक श्रोत साधनको बैज्ञानिक उपयोग गर्न नसक्नु, शिक्षा र स्वास्थ्यमा पर्याप्त लगानी हुन नसक्नु, नैतिकता र आत्मउत्तरदायित्व कमजोर हुनु जस्ता समस्या तथा चुनौतीहरु हाम्रो सामु विद्यमान छन् ।

४) समावेशी, समानुपातिक विकास र सेवामा सरलता , निश्पक्षता र पारदर्शिता कायम राखि छरितो सेवा हरेक नागरिकले महसुस गर्नेगरी प्रत्याभुत गराउनु नगरपालिकाको जिम्मेवारी हो । स्थानीय निकायमा जनप्रतिनिधि नहुँदा बिगत लामो समयदेखि कर्मचारीहरुले जिम्मेवारी सम्हाल्नुपरेको परिस्थीतिमा नगरपालिकाले गर्ने यावत कार्यहरु राजनैतिक दल र सरोकारवालाहरुको सहभागिता, समन्वय र सहकार्यमा गरिदै आएको कुरा यहाँहरुलाई विदितै छ । यसको लागि राजनैतिक दल तथा सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा सहयोग र साथ प्राप्त भैरहने विषयमा विश्वास लिएको छु ।

**५) नीति, योजना, कार्यक्रम तथा बजेटको मार्गदर्शन**

**आदरणीय महानुभावहरु,**

आर्थिक वर्ष २०७४/०७५ को प्रस्तावित उद्देश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई मार्गदर्शनको रुपमा लिईएको छ ।

- नेपालको संविधान ,२०७२
- सहस्राब्दि विकास लक्ष्यहरु,
- चालु त्रिवर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु,
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको बजेट सिलिङ र मार्गदर्शन,
- स्थानीय स्वायत्त शासन ऐन र नियमले मार्गदर्शन गरेका व्यवस्थाहरु,
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९,
- सहभागीतात्मक र समावेशी योजना तर्जुमा प्रक्रियाद्धारा प्राथमिकता निर्धारण भई आएका योजना तथा कार्यक्रमहरु,
- वडा नागरिक मञ्च तथा वडा भेला, बाल भेलाबाट सिफारिस भैआएका कार्यक्रम तथा आयोजनाहरु,
- बिगतका आ.व. मा निर्दिष्ट गरेका नीति, योजना तथा कार्यक्रमहरु,
- नगरपालिकाद्धारा तय गरिएका विभिन्न क्षेत्रगत गुरुयोजनाहरु,
- स्थलगतरुपमा गरिने आयोजनाहरुको अनुगमन तथा सुपरीवेक्षणबाट प्राप्त सिकाई,
- विगतका समिक्षा तथा कार्यानुभवबाट प्राप्त पृष्ठपोषणहरु ।

**आदरणीय प्रमुख अतिथीज्यू तथा उपस्थित महानुभावहरु**

६) अव म आगामी आ.व. २०७४/०७५ को दीर्घकालिन सोँच, उद्देश्य, नीति तथा कार्यक्रम वारेमा संक्षिप्तमा उल्लेख गर्न चाहन्छु ।

क) **दीर्घकालिन नीति**

- नगरपालिकाका महत्वपुर्ण कार्यक्रम तथा आयोजनाहरु पहिचान गरि स्रोत सुनिश्चित गर्ने ।
- एकीकृत र दीर्घकालिन विकासको लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्ने ।
- नगरको भूउपयोग र आवास नीति तर्जुमा गरी समुन्नत शहरको रुपमा विकास गर्ने ।
- आधारभूत र आधुनिक सेवा सुविधा सरल र सहजरुपमा नागरिकहरु माझ उपलव्ध गराई नागरिकहरुको विश्वास प्राप्त निकायको रुपमा स्थापित गर्ने
- नगरपालिकाको संभाव्य क्षेत्रको पहिचान गरी करको दायरा फराकिलो बनाई राजश्व क्षमता सुदृढ गरी सक्षम संस्थाको रुपमा विकास गर्ने ।
- कृषिलाई व्यवसायिकीकरण गरी रोजगारी मार्फत गरिवी न्यूनीकरणमा टेवा पुर्‍याउने ।
- औद्योगिक पूर्वाधार विकास मार्फत औद्यागिक क्षेत्रको रुपमा विकास गर्ने ।
- धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र विकास गरी आध्यात्मिक तथा पर्यटकीय नगरीको रुपमा विकास गर्ने ।
- नगरपालिकालाई बालमैत्री स्थानीय शासन नगरको रुपमा स्थापित गराउने ।
- लैंगिक समानता र सामाजिक समावेशीको माध्यमबाट सामाजिक न्याय स्थापित गर्ने ।
- सार्वजनिक सम्पत्तिको संरक्षण र प्रवर्द्धन गर्ने ।
- सार्वजनिक पारदर्शिता, उत्तरदायित्व र अनुशान कायम गराई नगरवासीहरुलाई सुशासनको अनुभूति दिने ।
- शिक्षा, स्वास्थ्य, भाषा, साहित्य र खेलकुदको विकास गर्ने ।
- सूचना प्रविधिको विकास र विस्तार गरी सेवा प्रवाहलाई छरितो तुल्याउने।
- सरसफाई र वातावरण संरक्षणमा अग्रणी नगरपालिकाको रुपमा स्थापित गर्ने ।

**उद्देश्यः**

- विकासका पूर्वाधारहरुको विस्तार र पहुँच वस्तीस्तरसम्म वृद्धि गरी विकासका अवसरहरुलाई पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने ।
- समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लिंग, सम्प्रदाय, जात-जातीको श्रोत साधनमा पहुँच अभिवृद्धि गर्ने ।
- उत्पादनमूलक क्षेत्रमा व्यवसायिकता र उद्यमशीलताको विकास एवं सामाजिक परिचालन मार्फत गरिवी न्यूनिकरणमा विशेष जोड दिने ।
- विकासको दृष्टिले पछाडि परेका वडाहरुमा प्राथमिकताका साथ विकास कार्यक्रमहरु पुऱ्याई जनताको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहयोग पुऱ्याउने ।
- सुरक्षित खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धी चेतनाको स्तरोन्नती गरी दीर्घकालन लक्ष्य प्राप्तीमा टेवा पुऱ्याउने ।
- विकास कार्यक्रम तथा आयोजनाहरु संचालन गर्दा सरोकारवालाहरु विच समन्वय गर्दै जनसहभागीता, पारदर्शीता र उत्तरदायित्व बढाई सुशासनको प्रत्याभुति दिने
- समृद्ध र श्रोत सम्पन्न नगरको रुपमा विकास गर्ने ।

## ग) आर्थिक वर्ष २०७४।०७५ मा नगरमा संचालन हुने प्रमुख नीति तथा कार्यक्रमहरु निम्नानुसार हुनेछन्:

### १) भौतिक पूर्वाधार विकास

- नगर यातायात गुरुयोजना स्वीकृत गरी कार्यन्वयनमा ल्याईएको छ , कार्ययोजनाले प्रथमिकता दिएका सडकमा रकम विनियोजन गरिनेछ।
- पर्यटन गुरुयोजना २०७२ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- चालु आर्थिक वर्षमा नै शहरी विकास गुरुयोजना तयार गरि मुख्य सम्पदा र क्षेत्रहरुको विस्तृत डिजाईन तयार गरिनेछ।
- सडकहरुको न्यूनतम मापदण्ड निर्धारण गरिएको छ। उक्त मापदण्डलाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ।
- नगरपालिकाको चक्रपथ निर्माण कार्य अगाडि बढाईनेछ।
- मापदण्ड अनुरुप सडकको दायाँ बायाँ लगत कट्टि गर्दै जाने योजना अनुरुप क्रमश लगत कट्टा गरिनेछ।
- उपभोक्ता समिति मार्फत पूर्वाधार संरचनाको निर्माण गर्दा लागत साझेदारीलाई अनिवार्य गरिने नीतिलाई निरन्तरता दिइनेछ।
- चालु आर्थिक वर्ष देखि नै वडा नं. ८ शित्तलनगर वडा कार्यालयको जग्गामा सुविधा सम्पन्न पर्यटन प्रवर्द्धन केन्द्र ( Tourist Hub) निर्माण गर्ने र यस केन्द्रमा कोसेली घर, अर्गानिक उत्पादन विक्रि कक्ष, पर्यटन सूचना केन्द्र, पुस्तकालय सांस्कृतिक प्रदर्शनी स्थल लगायत अत्याधुनिक पर्यटन सुविधा उपलब्ध गराउने गरी विकास गरिनेछ।
- पूर्वाधार संरचनाको निर्माण गर्दा भू-क्षय र वन विनास जस्ता वातावरणीय पक्षलाई उचित ध्यान पुऱ्याई प्राकृतिक संरचनामा खलल हुन नदिने व्यवस्था गरिनेछ। नवनिर्मित सडकका दायाँ-बायाँ हरियाली अभिवृद्धि गरिनेछ।
- ठूला खानेपानीका मुहानहरुको खोजी गरी पूर्व सम्भाव्यता अध्ययन गरिनेछ र खानेपानी आयोजना हरुको निमार्ण लाई विषयगत कार्यालय संग सहकार्य गरिनेछ।
- सडकहरुलाई क्रमशः कालोपत्रे गर्दै लगिने छ। सडक स्तरोन्नती गर्दा नाली निर्माणलाई पहिलो प्राथमिकता दिईने छ।
- भवन निर्माण मापदण्ड २०७२ अनुरुप नयाँ भवन तथा घरहरु निर्माण गर्दा भवन निर्माण संहिताको पालना र नक्सा पासलाई अनिवार्य गरिएको छ।
- प्रत्येक वडामा बहु उद्धेश्यीय सामुदायिक भवन निर्माण गर्ने र एकै भवनबाट वडा नागरिक मञ्च, टोल सुधार समिति ,महिला समुह , सामुदायिक बन ,उपभोक्ता समिति जस्ता सामुदायिक संस्थाहरुको सामुदायिक कियाकलापका साथै योग साधनाका क्रियाकलाप संचालन गरिनेछ।
- विद्यालयको भौतिक संरचनाको विकास तथा मर्मत सम्भार गरिनेछ।
- सवै वडाहरुमा सरसफाईका कार्यक्रमहरु संचालन गरिने छ। सरसफाइका गतिविधहरुलाई अनिवार्य पालना गर्न **"विद्यालय मार्फत विद्यार्थी, विद्यार्थी मार्फत अभिभावक"** साथै समुदायको अगुवाईमा सरसफाई कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिनेछ।
- वडा नं. २ को पेटवनिया सामुदायिक वनको उत्तर पश्चिम तर्फ , वडा नं. ३ को वसन्तपुर फुलवारी टोल पश्चिम वगरको क्षेत्रलाई र वडा नं. ११ को गणेश नगर प्रतिक्षालय उत्तर र राजमार्ग उत्तर केउली पूर्वको क्षेत्र लाई ल्याण्डफिल्डसाईडका रुपमा बिकास गरिनेछ।

- सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएका सिँचाई आयोजनाहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ र नयाँ योजनाहरुको थप सम्भाव्यता अध्ययन कार्यलाई निरन्तरता दिइनेछ ।
- प्रकोप व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद उत्थानशील देबदह तय गरी सरोकारवाला संघ संस्थाहरु संग सहकार्य मार्फत कार्यान्वयन गरिनेछ ।

## २) आर्थिक तथा सामाजिक विकास

- सवैका लागि शिक्षा कार्यक्रम अन्तर्गत शिक्षामा पहुँच बढाई गुणस्तर सुधार्न, छात्रवृत्ति वितरण, पुस्तकालय निर्माण तथा उत्कृष्ट प्रतिभालाई प्रोत्साहन बढाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- बौद्ध दर्शन सम्बन्धी स्थानीय पाठ्यक्रम तयार भएको छ तयार पाठ्यक्रम लाई नगर शिक्षा समितिमा छलफल गरी २०७४ को नया शैक्षिक सत्र देखि कक्षा ६ र ७ मा देवदहका विद्यालयमा लागु गरिने छ ।
- हरेक वर्ष राष्ट्रिय सरसफाई सप्ताहको अवसरमा नगरपालिकामा अभियानकै रुपमा सरसफाई सम्बन्धी कार्यक्रम गरिने छ ।
- "स्वदेशमै उत्पादन बढाउँ, आफ्नै जन्मथलोमा रमाउँ" भन्ने मान्यता अनुसार बैदेशिक रोजगारी बाट फर्केका तथा स्वदेशमै उद्यम गर्न चाहने युवा जनशक्तिलाई व्यवसायिक कृषिमा आकर्षण गर्न पर्याप्त कार्यक्रमहरु संचालन गरिनेछ ।
- ऐतिहासिक पाकडी वृक्षलाई सिद्ध बृक्ष (Tree of Heaven) को रुपमा आस्था र विश्वास राखी संरक्षण र प्रर्वद्धन गरिनेछ ।
- लुम्बिनि बौद्ध विश्व विद्यालय लाई देवदह ९ मा संचालन गर्न सिफारिस गरिएको छ । सम्बन्धीत निकाय संग छिटो छरितो गर्न पहल गरिनेछ ।
- हाटबजार स्थलमा पुर्वाधार निर्माण गरी यस क्षेत्रको उत्पादन र विक्रि प्रवर्द्धन गरिनेछ ।
- अर्गानिक तरकारी तथा फलफुल उत्पादनमा जोड दिईनेछ ।
- चरेको काख क्षेत्रमा वाखा , तरकारी र मौरी पालनलाई जोड दिईनेछ ।
- वडा नं २ पेटवानियामा व्यवसायिक तरकारी खेतिगर्ने ब्यवस्था मिलाईनेछ ।
- एक नगर एक उत्पादन अनुरुप दुग्ध उत्पादनलाई पहिचानको रुपमा अगाडि बढाइनेछ । दुग्ध उत्पादक कृषकहरु लाई सुलभ रुपमा भुई घास उपलब्ध गराउने ब्यावस्था मिलाइनेछ । दुग्ध जन्य उत्पादनमा विविधिकरण गरिनेछ ।
- व्यावसायिक कृषि , पर्यटन र दुग्ध उत्पादन लगायत लघु उद्यम कार्यक्रम संचालन गर्न प्रयाप्त वजेट विनियोजन गरिएको छ ।
- व्यवसायिक कृषि बाट बार्षिक २ लाख भन्दा बढि आयआर्जन गर्ने कृषकहरुलाई सुचिकृत गरी उच्च सम्मान दिइनेछ । कृषक हुनुलाई गौरवको रुपमा लिने अवस्था सृजना गरिनेछ ।
- दलितहरुको परम्परागत पेशा आधुनिकीकरण गरी व्यवसायिक प्रवर्द्धन गरिनेछ ।
- माझौला तथा ठूला उद्योगहरु स्थापनाको सम्भावना र क्षेत्र एकिन गरी नेपाल सरकारलाई सिफारिस गरिनेछ ।
- उत्पादन र आयआर्जन बढाउन सक्ने सफल र विश्वास प्राप्त सहकारीहरु संग सहकार्य गरिनेछ ।
- भौगोलिक सम्भाव्यता र निर्मित पूर्वाधारलाई मध्यनजर गरी तुलनात्मक लाभका बाली उत्पादनमा जोड दिइनेछ ।
- आधुनिक पद्धतिबाट व्यवसायिक तरकारी तथा फलफूल खेती र पशुपालनमा युवा कृषकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- वडा नं.७ को सरनटाडी लाई अर्गानिक तथा सास्कृतिक होमस्टे को रुपमा बिकास गरिनेछ ।
- वडा नं ३ शिसपुरलाई थारु सांस्कृतिक होमस्टेको रुपमा विकास गरिनेछ । होमस्टेमा माछा तथा केरा उत्पादन गरी प्रर्वद्धन गरिनेछ ।
- कृषि विकासको मूल प्रवाहमा महिला, दलित तथा विपन्न वर्गको पहुँच बढाईनेछ ।
- मुश्लिम तथा पिछडा वर्गका महिला हरुलाई क्षमता बिकास तालिम को ब्यावस्था मिलाईनेछ ।
- जलवायु परिवर्तनका असर न्यूनिकरण तथा सो बाट बच्न अनुकुलनका उपायहरु अवलम्बन गरिनेछ ।
- नगरको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रको पहिचान, विकास र विस्तार गरी पर्यटन प्रवर्द्धन गर्दै आर्थिक विकास गर्न जोड दिइनेछ । परम्परागत लोकसंस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न जोड दिईनेछ ।
- पर्यटन गुरुयोजना २०७२ अनुरुप देवदह नगरपालिका लाई महत्वपूर्ण पर्यटकीय गन्तव्यस्थलको रुपमा बिकास गरिनेछ ।
- वडा नं. ४ को भवानिपुरमा THE GOLDEN TEMPEL OF LOVING BUDDHA निर्माण शुरुवात गरिने छ । यस क्षेत्रलाई लुम्बिनी सर्किटको महत्वपुर्ण स्थानको रुपमा विकास गरिनेछ । चालु आ. व. बाटै भवानीपुर, खयरडाँडा, बैरीमाई कन्यामाईमा पुरातात्विक उत्खनन गरिनेछ ।

- वडा नं. १० को देव दह (मंगल पुस्करिणी) पुन निर्माण गरी आकर्षक गन्तव्यस्थलको रुपमा विकास गरिनेछ।
- सरकारी लगानीमा व्यवसायजन्य तालिम लिनेहरुले व्यवसाय र उत्पादन गरे नगरेको लेखा जोखा गरिने छ। व्यवसाय नगरी तालिम मात्र लिने हरुलाई नैतिकताको दायरामा राखिनेछ।
- महिलाहरुको क्षमता अभिवृद्धि गरी आयआर्जन गर्न सक्षम तुल्याईने छ।
- नगरपालिका भित्र रहेका ऐलानी, पर्ती र सार्वजनिक जग्गाको नक्साङ्कन र सिमाङ्कन गरी संरक्षण र प्रवर्धन गरिनेछ।
- वडा नागरिक मञ्चलाई प्रशिक्षण दिई योजना कार्यान्वयन क्षमता विकास गरिनेछ।
- वालमैत्री नगरपालिका घोषणाको लागि कार्ययोजना अनुरुप आवश्यक रकम विनियोजन गरिएको छ। साझेदारी कार्यक्रम संचालन गरी २०७४ मंसिर मसान्त सम्म बालमैत्रि नगरपालिका घोषणा गरिनेछ।
- जेष्ठनागरिकहरुको एकांकीपन हटाई सरल र रमणीय जीवन वनाउन शित्तलनगर दुर्गा मन्दीर क्षेत्रमा नागरिक मिलन केन्द्रको निर्माण गरिनेछ।
- विपन्न वर्ग र समुदायका महिलाहरुको आर्थिक श्रोत साधनमा पहुँच बढाउन आय आर्जन र महिला सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ।
- आ.व. २०७४।०७५ लाई लैंगिक हिंसा न्युनीकरण वर्षको रुपमा मनाईनेछ। यसको लागि प्रत्यक वडामा लैंगिक सम्पर्क व्यात्ति तोकिनेछ।
- युवाहरुलाई राष्ट्र निर्माणमा सरिक गराउन रोजगारमूलक तथा उद्यमशिल तालिम दिईनेछ।
- आर्थिक र सामाजिक रुपले पछाडि परेका मुसहर वस्तीका समस्या सुन्न मुसहर संग नगरपालिका कार्यक्रम संचालन गरिनेछ।
- थारु, मधेशी, मुस्लिम, मुसहर लगाएतका पिछडिएको वर्ग र समुदायलाई व्यवसायिक कृषि र लघु उद्यममा विशेष प्राथमिकता दिइनेछ।
- अपाङ्गताको प्रकृति अनुरुप आय आर्जनको लागि तालिम तथा सुविधाजनक सामाग्री वितरण गरिनेछ।
- स्वास्थ्य कार्यक्रममा सहकार्य गर्दै स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरिनेछ।
- देवदह ११ रोहीणी नदी तटक्षेत्र श्री सिद्धेश्वर शिवालय मन्दिर क्षेत्र योग, आर्युवेद, प्राकृतिक चिकित्सा तथा ध्यान केन्द्र सहित गौशाला सञ्चालन गरी मुक्तिनाथ क्षेत्रमा आउने धार्मिक पर्यटकको गन्तव्य स्थलको रुपमा विकास गरिनेछ। क्रमश अन्य क्षेत्रको रुपमा विकास गरिनेछ। देवदह क्षेत्रलाई योग र आर्युवेदको उदगमस्थलको रुपमा विकास गरिनेछ।

**३) संस्थागत विकास तथा सुशासन**

- परिमार्जित बडापत्र लागु गरी सेवाग्राहीहरुलाई सम्मानका साथ हंशमुखी सेवा (Smilling Service) प्रदान गरिनेछ।
- नगरपालिका कार्यालयको संगठन विकास (OD) बिकास गरी उपयुक्त संरचना तय गरिनेछ।
- नगरपालिकाको सेवालाई नागरिक सामु पुऱ्याउन आधारभूत सेवाहरु संयुक्त वडा कार्यालय मार्फत संचालन गरिनेछ।
- सानातिना झैंझगडा र विवाद मिलाउन, सार्वजनिक सम्पति अतिक्रमण रोक्न सामाजिक विकृती नियन्त्रण गर्न, सामाजिक अनुशासन कायम राख्न, उद्यमशिलता प्रवर्द्धन गरी सीप विकास गर्न र व्यवसाय प्रवर्द्धन गर्न टोल विकास संस्थालाई अधिकार सम्पन्न हुनेगरी सिंगो नगरपालिकालाई समेटेर टोल सुधार समिति गठन गरिएको छ। टोल विकासमा उत्कृष्ठ टेवा पुऱ्याउने संस्थाहरुलाई पुरस्कृत र सम्मान गरिनेछ। टोल सुधार समितिको क्षमता अभिवृद्धिका कार्यक्रमहरु चालु आ.व.मा गरिने छ।
- नगरपालिकाको सूचना तथा अभिलेखको वेभसाईट तथा सामाजिक संजालहरु मार्फत योजना कार्यान्वयन र दैनिक प्रशासनलाई छरितो तुल्याईने छ।
- नगरपालिकाको हरेक शाखाका काम कार्यहरु लाई नेटवर्किङ्ग गरिनेछ।
- प्रत्येक वडा सेवा कार्यालयमा कम्तिमा वर्षको १ पटक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ।
- नगरपालिकाद्धारा संचालन भएका आयोजनाहरुमा पारदर्शिता ल्याउन वडा नागरिक मञ्चको सक्रियतामा सक्षम समिति गठन गर्ने । अनुगमन समिति गठन गर्ने र आयोजनाहरु सम्पन्न भए पश्चात् सार्वजनिक परीक्षण गर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ । यसको लागि उपभोक्ता समितिका सदस्यहरुलाई समिति गठन, योजना सम्झौता, कार्यान्वयन, लेखा, सार्वजनिक परीक्षण सम्बन्धी विषयमा अभिमुखीकरण कार्यक्रम संचालन गरेपछि मात्र योजना कार्यान्वयन गरिने छ। सार्वजनिक सुनुवाई कार्यलाई नगरपालिकाका प्रतिनिधिको उपस्थिति अनिवार्य गरिएको छ।
- उपभोत्ता मार्फत संचालन गर्ने आयोजनाहरुमा कार्य मुल्याङ्कनमा आधारीत भुक्तानी प्रणलि लागु गरिनेछ।
- गैर सरकारी संस्थाका कार्यक्रमहरुलाई नगरपालिकाको छाताभित्र ल्याई एकद्वार प्रणाली मार्फत कार्यान्वयन गरिनेछ।

- कार्यपद्धतीलाई व्यवस्थित र खर्च प्रणालीलाई पारदर्शी बनाई समग्र कार्यसम्पादन स्तरमा सुधार गर्दै सुशासनको प्रत्याभूती गरिनेछ ।
- उत्कृष्ट विद्यालय , उपभोक्ता समिति, टोल सुधार समिति, गैर सरकारी संस्था, व्यावसायिक कृषकहरु, नागरिक समाजलाई सम्मान र पुरस्कृत गरिनेछ ।
- नगरपालिका कार्यालयबाट सम्पादन हुने कामको निरन्तर अनुगमन गरी सेवा प्रवाहमा गुणस्तरीयता एवं प्रभावकारिता प्रर्वद्धन गर्न नगर सुपरीवेक्षण तथा अनुगमन समितिको कार्यलाई शसक्त औजारको रुपमा प्रयोग गरिनेछ ।
- नागरिकहरुको गुनासो सुन्ने अधिकारी मार्फत तत्कालै सम्बोधन गर्ने व्यवस्था गरिनेछ ।
- सामुदायिक मेल मिलाप केन्द्रको क्षमता विकास गरि न्याय प्रणालीलाई छरितो र गुणस्तरिय वनाइनेछ ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यवसायिक क्षमता अभिवृद्धि गर्न आचार संहिता तोकिएको छ र सम्पूर्ण शाखा तथा कर्मचारीहरुको कार्य विवरण बमोजिमको कार्यसम्पादन गर्न सक्षम बनाउन तालिम, अभिमुखीकरण जस्ता कार्यक्रमहरुको सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा वितरणलाई बैंकिङ्ग प्रणाली मार्फत वितरण गरिएको छ । यसलाई अझ छरितो र व्यवस्थीत बनाइनेछ ।
- खरिद प्रणालीलाई योजनावद्ध रुपमा संचालन गरी श्रोत साधनको उच्चतम उपयोग गरिनेछ ।
- नगरपालिकाको सेवा प्रवाहलाई सहज सरल र सुलभ बनाईने छ ।
- उपभोक्ता बजारमा स्वस्थ प्रतिस्पर्धा हुने वातावरण बनाउन सुरक्षा निकाय, नागरिक समाज, उद्योग बाणिज्य संघ /संगठन र प्रेस संग सहकार्य गरिनेछ ।
- न्यूनतम शर्त तथा कार्यसम्पादन मापन निर्देशिकालाई कार्यान्वयन गरिनेछ ।

## ५) सरसफाई र वातावरण सन्तुलन

- नगरक्षेत्र सडक संजालहरु मध्ये प्रत्येक वर्ष एउटा सडकलाई कालोपत्र स्तरीकरण, नाली निर्माण, वृक्षारोपण र पैदलयात्रु पथ सहित नमूना सडक आयोजना कार्यान्वयन गरिनेछ ।
- खानेपानीका मुहानहरु संरक्षण गर्न, प्राचिन कुवा हरुको संरक्षण गर्न , घर आगन देखि सडकसम्म सफासुघर राख्न वडा नागरीक मञ्च र टोल विकास संस्थाहरुको भूमिकालाई प्रभावकारी तुल्याईनेछ।
- देवदह नगरपालिका खुल्ला दिसा मुक्त घोषणा भै सकेकोले सरोकार वाला संस्था मार्फत POST ODF का कार्यक्रम हरु संचालन गरिने छ । कम्तिमा २० वटा टोललाई पूर्ण सरसफाई टोल घोषणा गरिनेछ ।
- फोहोर लाई मल र Recycle गर्ने पद्धति विस्तार गरि क्रमश शुन्य फोहोर तर्फ उल्मुख गरिनेछ ।
- सार्वजनिक निजी साझेदारी मार्फत सरसफाई तथा वातावरण सुधारका कार्यक्रमहरु संचालन गरिनेछ
- जलवायु परिवर्तनका असर न्यूनिकरण तथा अनुकूलनका कार्यक्रमहरु संचालन गरिने छ ।
- सामुदायिक बन लाई आय आर्जन संग जोडने क्रियाकलाप अगाडि बढाईनेछ । सामुदायिक बन संजालको सहयोग र समन्वयमा १० हेक्टरमा १२ हजार बृक्षारोपण गरिनेछ ।
- सन २०१७ सम्म धुवा रहित चुलो निर्माण सम्पन्न गर्ने गरी कार्यक्रम अगाडि बढाईनेछ ।

## ६) अनुसासन र उत्तरदायित्व

- उपभोक्ता समितिको कार्यदक्षताको लेखाजोखा गरिनेछ ,स्रोतको उच्च सदुपयोग गर्न नसक्ने र नतिजामुखी हुन नसक्ने उपभोक्ता समितिलाई कालो सुचिमा राखी जिम्मेवारी बाट हटाईनेछ ।
- समुदायिक विद्यालयको अध्यन अध्यापनको नतिजा मुल्याङ्कन गरिनेछ ।
- उद्यमशिलतावाट आर्थिक सामाजिक विकासमा टेवा पुऱ्याउने संघ, संस्था र निकायहरुलाई पुरस्कृत र सम्मान गरिनेछ ।
- सार्वजनिक सम्पत्तिको संरक्षण र संबर्द्नमा जोड दिईनेछ ।
- उद्यमशील ,नैतिक र आत्म उत्तरदायी व्याक्तिलाई उच्च मर्यादामा राखी नगर स्तरीय महत्वपूर्ण जिम्मेवारी प्रदान गरिनेछ ।
- नगरपालिकाको सेवा प्रवाह र विकासलाई खुल्ला खबरदारी गर्न प्रेसको भूमिका अपरिहार्य र मर्यादित बनाईनेछ ।

## ६) श्रोत परिचालन तथा क्षमता विकास

- करको दायरा फराकिलो बनाइनेछ । र करका संभावनाका क्षेत्रहरु पहिचान गरिनेछ ।
- प्रकृया सरल गरी सूचना प्रविधिको माध्यमबाट स्वेच्छिक कर सहभागिता अभिवृद्धि गरिनेछ ।
- इमान्दारीपूर्वक कर तिर्ने उत्कृष्ठ करदातालाई सम्मान गरिनेछ ।
- अग्रीम कर तिर्ने करदातालाई निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ ।
- एकीकृत सम्पत्तिकर कार्यान्वयनमा ल्याईएकोछ ।

- नगरपालिकाको आयआर्जनका लागि व्यावसायिक पूर्वाधार निर्माण र अन्य सम्भाव्य क्षेत्रको पहिचान गरिनेछ।
- कर सप्ताह र घुम्ती सेवा संचालन गरी राजस्वको दायरा बढाईनेछ।
- सार्वजनिक खर्च प्रणालीलाई मितव्ययी र प्रभावकारी वनाईनेछ।

**आदरणीय महानुभावहरु,**

अव म आर्थिक वर्ष २०७३।०७४ का लागि वार्षिक नगर विकास योजना तर्जुमा गर्ने क्रममा अख्तियार गरिएका उद्देश्य तथा नीतिको आधारमा तयार गरिएका योजना तथा कार्यक्रमहरुको प्रस्तावित अनुमानित आय व्यय प्रस्तुत गर्न चाहन्छु।

**क) आय अनुमानः**

आ.व. २०७४।०७५ का लागि कूल ७ करोड ७६ लाख १४ हजारको आय अनुमान गरिएको छ। जसमध्ये रजिष्ट्रेशन दस्तुर र अल्या सहितको आन्तरिक श्रोतबाट रु. १ करोड ३५ लाख रहेको छ, जुन रकम कूल बजेटको १७.४% हुन आउछ। वाह्य अनुदान तर्फ नेपाल सरकारको नगरपालिका अनुदान ४ करोड ४१ लाख १४ हजार र अन्य लागत सहभागिता २ करोड हुने अनुमान गरिएको छ। यसमा सामाजिक सुरक्षाको रकम समावेश गरिएको छैन।

**ख) व्यय अनुमानः**

आ.व. २०७४।०७५ को लागि कूल रु. ७ करोड ७६ लाख १४ हजारको व्यय अनुमान प्रक्षेपण गरिएको छ। जसमध्ये प्रशासन खर्च रु.१ करोड ११ लाख रहेको छ, जुन कूल बजेटको १४.३% हुन आउछ। त्यसै गरी विकास तर्फ ६ करोड ६५ लाख १४ हजार विनियोजन गरिएको छ, जुन रकम कूल बजेटको ८५.७% हुन आउछ। उक्त विकास बजेट मध्ये भौतिक पूर्वाधार विकास तर्फ १ करोड ९५ लाख ९३ हजार , प्रवर्धनात्मक विकास तर्फ ६३ लाख ९५ हजार, साझेदारी स्थानीय बिकास कार्यक्रम तर्फ ८७ लाख १७ हजार, लक्षित वर्ग तर्फ ८६ लाख ९ हजार रकम विनियोजन गरिएको छ।

**आदरणीय प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु तथा उपस्थित महानुभावहरु,**

उपरोक्त नीति, बजेट तथा कार्यक्रम माथि यस परिषद्मा उपस्थित हुनु भएका प्रमुख अतिथीज्यू लगायत अतिथीज्यूहरुबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु। प्रस्तुत वजेटको ५२.१७ प्रतिशत भौतीक पुर्वाधार , ३० प्रतिशत क्षमता विकास र १७.८३ व्यवसायीक कृषि ,लघु उद्यम तथा कृषि पुर्वाधार मा विनियोजन गरिएको छ। साना तर महत्वपूर्ण दुईलाख सम्मका आयोजनाहरुलाई वडा नागरिक मञ्च र नगरका वडा बासिबाटै टुंगो लगाउने गरी अधिकार दिई छनौंट गरिएकोछ। नगरपालिकाको श्रोत क्षमता भित्रका आयोजनाहरुलाई वडा भेलाको सिफारिस, एकीकृत योजना तर्जुमा समितिमा व्यापक छलफल गरी प्राथमिकीकरणवाट सन्तुलित र दीगो बनाउने प्रयास गरिएको छ। नगरपालिकाका प्राथमिक तथा महत्वपुर्ण आयोजना हरुको पहिचान गरि स्रात सुनिश्चित गरिएको छ। नगरपालिकाको उपलब्ध श्रोत र साधनले धान्न नसकेका योजनाहरुलाई जिल्ला तथा केन्द्रीय निकायमा अनुरोध गर्ने निर्णय गरिएको छ। नगरको समष्टिगत विकासको लागि सहयोग पुर्‍याउनु हुने जिल्ला बिकास समिति , राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नेपाल सरकारका अन्य मन्त्रालय, विभाग र निर्देशनालय लगायत विकासका साझेदार संस्थाहरु संग नगरपालिकाको प्राथमिकता र सम्भावनाका आधारमा आवश्यक बजेट विनियोजन गरिदिनु हुन हार्दिक आग्रह गर्दछु।

आ.व. २०७४/०७५ को बार्षिक योजना तर्जुमा गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुर्‍याउनु हुने नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, एकीकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु, वडा नागरिक मञ्चका सदस्यज्यूहरु, टोल सुधार समितिका सदस्य ज्यूहरु, साझेदार संस्थाहरु, गैससहरु, पत्रकारहरु, निजी क्षेत्र, सम्पूर्ण संघसंस्था लगायत योजना तर्जुमामा अहोरात्र खट्ने नगरपालिकाका कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु।

हाम्रो आमन्त्रणलाई स्वीकार गरी आफ्नो कार्यव्यस्तताका वावजुद उपस्थित भई नगर परिषद्को गरिमा बढाई दिनु हुने प्रमुख अतिथीज्यू, विशिष्ट अतिथीज्यू लगायत अतिथीज्यूहरुमा विशेष आभार प्रकट गर्दछु। भर्खरै मात्र स्थापना भएको कार्यालयले सवै विषयको समाधान एकैपटक गर्न सक्दैन, श्रोत साधन र जनशक्तिको सिमिततालाई ध्यान दिदै रचनात्मक सुझाव दिन, गलत कार्य हुन लागे समयमै खवरदारी गर्न र राम्रा कार्यहरुलाई प्रसंशा गर्न नगरपालिकाको ढोका सदैव खुला रहने छ। अन्त्यमा, यहाँहरु सवैबाट नगरको विकासको हरेक अभियानहरुमा सहभागिता, सुझाव र सहयोग निरन्तर प्राप्त हुने विश्वास लिएको छु। प्रस्तुत बजेटले नगरवासीका आवश्यकता र चाहनालाई केही हदसम्म भए पनि सम्बोधन गर्नेछ भन्ने अपेक्षा राख्दै विदा हुने अनुमति चाहन्छु।

धन्यवाद।

**मिति :२०७३/९/२४**

**गणेश घिमिरे**
**कार्यकारी अधिकृत,**
**देवदह नगरपालिका, रुपन्देही**